**नीति जेआइसिए - विद्यार्थी पोशाक**

सुरक्षित, सिकाइका लागि प्रेरक र अनाबश्यक बाधाबाट मुक्त विद्यालय बातारवरण निर्माणका लागि विद्यार्थी पोशाक नीति आबश्यक पक्ष रहेको कुरा बोर्ड बिश्वास गर्दछ। विद्यालय समयमा, विद्यालय डिस्ट्रिक्ट बाहनमा यात्रा गर्दा, सबै विद्यालय सम्बन्धित क्रियाकलाप वा समारोहहरूमा विद्यार्थीहरूले तोकिएको र उपयुक्त स्तरको पोशाक र स्वरूप पालना गर्नुपर्दछ।

विद्यार्थी पोशाक र व्यक्तिगत स्वरूप सरसफाइ र सुरक्षाको अपेक्षित स्तरअनुरूप हुनुपर्दछ र अरूलाई आदर गर्ने हुनुपर्दछ। अपेक्षित स्तरलाई उल्लङ्घन गर्ने, वा अरूलाई सङ्केत, शब्द वा छायाचित्रद्वारा होच्याउने, लाञ्छना लगाउने, वा उत्पीडित गर्ने र/वा पर्याप्त मात्रामा शैक्षिक प्रक्रियालाई बाधा पुऱ्याउने पोशाक र व्यक्तिगत स्वरूपलाई सहन गरिनेछैन।

उपयुक्त पोशाक परिभाषित गर्ने विशिष्ट मार्गनिर्देशन स्थापित गर्नका लागि हरेक विद्यालयले सहभागितात्मक विद्यालय समिति (सिएससि) सँग मिलेर पोशाक र स्वास्थ्य बारेको स्तर बिकसित र प्रकाशित गर्नु पर्दछ।. विद्यालय वा विद्यालय सम्बन्धित क्रियाकलापहरूमा भाग लिँदा उपयुक्त पोशाक के हुन सक्छ भनेर निर्क्योल गर्ने अन्तिम अधिकार प्रिन्सिपलहरू र तिनका प्रतिनिधिहरूको हुन्छ।

स्वीकार गर्न नसकिने बस्तुहरू

निम्नलिखित बस्तुहरूलाई बाधाकारी मानिएको छ र यी बस्तुहरू विद्यालय प्राङ्गण, विद्यालय डिस्ट्रिक्ट बाहन, वा विद्यालय समारोह वा क्रियाकलापमा स्वीकार गरिने छैनः

१. हाफपेन्ट, ड्रेसेजहरू, स्कर्ट वा अन्य कुनै त्यस्तै लुगा जुन मध्य तिघ्राभन्दा छोटो छ

२. भवनभित्र लगाइएको सनग्लास, ह्याट वा टाउकाको स्कार्फ

३. अनुपयुक्त रूपमा पारदर्शक, कसिलो, खुकुलो, लो-कट लुगा जसले पेट, पिठ्युँ, छाती, नितम्ब र गुप्ताङ्ग देखाउन सक्छ (उदाहरणका लागि निम्नलिखित बस्तुहरू यस खण्ड अनुसार वर्जित छन् - जाली, माछा मार्ने जाली वा समान रूपका बस्तुहरूले बनाइका लुगा, मध्यपट, हल्टर टप्स, ढाँड नभएका लुगाहरू, ट्युब टप्स, मसल टप्स, रिभिलिङ ट्याङ्क टप्स वा सन-ड्रेहरू आदि)

४. कुनै पनि लुगा, मालताल, सफाइ सामग्री, गहना, कपालको रङ, सहयोगी सामग्री वा शारीरिक सिँगार-पटार जसमा निम्न कुराका लागि शब्द, सङ्केत र चित्र छन्:

- लागू पदार्थ, सूर्ती, मदिरा वा हतियार

- यौनिक प्रकृतिका

- अश्लील, विधर्मी, छाडा, कामुक, वा कानुनन मानहानि गर्ने

- रङ, ढाँचा, ट्रेडमार्क वा अन्य कुनै सङ्केत जसले कुनै लागू पदार्थ प्रयोग गर्ने, हिंसा वा बाधाकारी व्यवहार देखाउने समूहको, एसोसिएसनको वा क्लबको सदस्यता जनाओस्

- कुनै पनि व्यक्तिको सुरक्षा र हितमा खतरा ल्याउने

- विद्यार्थी व्यवहार नियमाबलीले निषेध गरेको कुनै क्रियाकलापको प्रबर्धन

- कुनै पनि व्यक्तिको सुरक्षा र हितमा खतरा वा सम्भावित खतरा ल्याउने

- विद्यालयको शिक्षा सेवा प्रदान गर्ने लक्ष्यमा बाधा ल्याउने कुनै

५. रबर सोल थङ वा शयनकक्ष चप्पल सहित अनुपयुक्त जुत्ताचप्पल

६. खेलकूद पोशाक, जस्तै जगिङ सुट (शारीरिक शिक्षा कक्षाहरूमा भाग लिँदा वा अन्य खेलकूद क्रियाकलापमा भाग लिँदा लगाइने खेलकूद पोशाक बाहेक)

७. बाहिरी लुगाका रूपमा अन्डरवियर

८. अनुपयुक्त सिँगार-पटार वा स्वास्थ्य सम्बन्धी

९. अरू कुनै सिँगार-पटार वा पोशाक जुन विद्यार्थी पोशाक कोड अनुसार निर्दिष्ट विद्यालयमा वर्जित छ।

नीति जेके र नीति जेके-आर (बिद्यार्थी अनुशासन) ले यी नीतिहरूको उल्लङ्घन सम्बन्धित अनुशासन नियन्त्रण गर्नेछन् ।

अपवाद

यी नीतिहरूका अपवादहरू प्रिन्सिपल वा प्रतिनिधिले बिद्यार्थीको बिशिष्ट चिकित्सकीय, धार्मिक र अन्य समान आबश्यकताको परिपूर्ति गर्न निर्माण गर्न सक्नेछन् ।

अङ्गिकार गरिएको मे १७, १९६५

परिमार्जित अगस्ट २०, १९७६

परिमार्जित जनवरी २१, १९९९

परिमार्जित जुन २१, २००१

परिमार्जित अक्टुबर १५, २००९

क्रस सन्दर्भः जेके, बिद्यार्थी व्यवहार र अनुशासन

जिबिइबिए, स्टाफ पोशाक, सहयोगी सामग्री, सर्टिफाइड स्टाफका लागि सिँगार-पटार (शिक्षकहरू), जिबिइबिए-आर, स्टाफ पोशाक, सहयोगी सामग्री, सर्टिफाइड स्टाफका लागि सिँगार-पटार प्रक्रिया